# हाम्रो अभिमत

समयको भेलसँगै सिर्जनाका बाढी आउन थालेका छन् । सिर्जना गर्नु र सर्जक बन्न खोज्नु आफैँमा सिर्जनक्षेत्रका लागि उत्साहप्रद अवसर हो । यस्ता अवसर कसैले गुमाउन चाहन्नन् । चाहनु पनि हुन्न । थुप्रै कलमहरू यस क्षेत्रमा क्रियाशील हुनुले जहाँ एकातिर जीवनसञ्चार गरेको छ, त्यही अर्कातिर सहज लेखन र सहज प्राप्तिको चाहनाले जरा फैलाउँदै छ । पहिलो अवस्थाको स्वागत सबैले गर्नुपर्छ । गर्छन् । तर दोस्रो अवस्थातिर नजर लगाउँदा केही तीता कुरा बोल्नैपर्ने हुन्छ ।

माथि नै भनियो लेख्न खोज्नु र लेख्नु आफैँमा बन्दनीय छ । तर जे लेखे पनि हुन्छ र जसरी लेखे पनि हुन्छ भन्ने सोच राखेर लेख्न थालियो भने त्यसले प्रदूषण जन्माउँछ । प्रदूषणले फैलाएको दुर्गन्धबाट कोही बच्न सक्तैनन् । त्यसैले रोग लागेपछि उपचार गर्ने पुरातन उपचारात्मक पद्धतिका पछाडि लाग्नुभन्दा रोग लाग्न नदिने प्रतिकारात्मक आधुनिक उपचार पद्धतिको आवश्यकता ज्वलन्त बन्दो छ । रोग निम्त्याउने कारक तत्त्वहरूलाई प्राथमिकता र प्रस्रय दिई मलजल गरी हुर्काइसकेपछि त्यसबाट उन्मुक्तिका लागि सहयोगी हातहरूको खोजी गर्ने ऐतिहासिक पद्धतिलाई पूर्णविराम लगाउने बेला भएको छ । परिवर्तनको यस सँघारमा उभिएर निष्पक्षतापूर्वक भन्ने हो भने यसको आवश्यकता सबैतिर छ । लेखन मात्र यसको अपवाद बन्ने कुरै भएन ।

सहज प्राप्तिको चाहनाले ग्रसित मनोविज्ञानहरू उर्वर बन्दा छन् । साधना र अभ्यासबिनाको प्राप्तिको चाहनाले सिर्जना गरेका बजारिया व्यापारिक संयन्त्रले गर्दा लेखनमा पनि प्रतिस्पर्धाको जन्म भएको छ । आजको प्रतिस्पर्धाको युगमा लक्ष्मीप्रसाद देवकोटा र लेखनाथ पौड्यालहरू जन्मेका भए पनि बिस्कुन पन्छाई खोज्नुपर्ने अवस्था छ । यस स्थितिको जन्मदाता त्यही सहज प्राप्तिको चाहना हो । हुन त विधाभञ्जन र विनिर्माणको यस चरणमा सिर्जनकर्मलाई यस्तै हुन्छ र हुनुपर्छ भनी निर्देशित गर्ने अधिकार कसैसँग सुरक्षित छैन । त्यस अधिकारको खोजी गरिएको पनि होइन । तर यति हुँदाहुँदै पनि कतिसम्म मात्र भन्न खोजिएको हो भने लेखनकर्म लेखनजस्तो हुनुपर्‍यो । अनि त्यो सिर्जना बन्छ । सिर्जना बन्नका लागि पठनीयता पहिलो सर्त हो । पठनीय हुनका लागि संप्रेषणीय भएमा सुनमा सुगन्ध हुन्छ भनिरहन नपर्ला । यसर्थ सिर्जनाका मूलमा सहज संप्रेषणीयता नै शीर्ष मर्यादाक्रममा छ । यसै भएर भूपि शेरचन र गोपालप्रसाद रिमालहरू जति धेरै पढिए तिनका तुलनामा कम पढिने नामहरू हामीकहाँ नभएका होइनन् ।

जस्तै अक्कर भीरपहरा र गल्छीगल्छेँडाहरू भए पनि सहज प्रवाह जसरी कुलुलु बगिरहेको हुन्छ त्यसरी नै सिर्जना सहज प्रवाहित हुँदा संप्रेषणीयता संप्रेषित हुन्छ । जस्तोसुकै कठिन र दुरुह विषय सिर्जन चमत्कृतिका कारण सहज संवेद्य र सुबोध्य बन्दछ । यसका लागि लेखन प्रविधिको सही उपयोग हुनु जरुरी छ । यो लेखन प्रविधि यान्त्रिक र प्राविधिकभन्दा पनि आर्जित निजत्व हुन्छ । यदि यसका लागि बराबर साधना र प्रयास गर्ने हो भने । प्राप्त भइसकेपछि अथवा त्यसमा अधिकार स्थापित भइसकेपछि जुनसुकै सिर्जना पनि पढूँ-पढूँ लाग्ने पठनीय बन्दछ । सामान्य र वास्ता नगरिएको विषयलाई उठान गरेर असामान्य र कलात्मकतासाथ लेख्ने शङ्कर लामिछानेका निबन्ध यसैले पठनीय छन् । यो उनको निजत्व प्राप्ति हो । यस्तै दैनिक दिनचर्याका सामान्य विषयमा लेखिएका डा. ध्रुवचन्द्र गौतमका सिर्जना पनि तरङ्ग पैदा गर्ने प्रभावोत्पादक छन् । किन ? उत्तर दिन सकिन्छ । लेखन प्रविधिमा निजत्व स्थापित गरी अधिकार कायम गरिसकेपछि न कसैले छिनेर त्यो छिनिन सक्छ, न चोर्न खोजेर चोरिन सक्छ, न आगोले डढाउन सक्छ, न पानीले बगाउन सक्छ । यस्तो लेखन प्रविधिमा वर्चस्व जित्न सहज प्राप्तिको चाहना त्यागेर निरन्तर अध्ययन-मनन र अभ्यासलाई बिर्सन हुन्न । 'मेरा रचना छापिएकै छन् । छापिएनन् भने दौडधूप गरेर छपाइहालिन्छ । छापिएपछि सर्जक भइहालिन्छ । आँप खान छाडेर किन हाँगातिर आँखा दौडाइरहने' भन्न सकिएला । तर त्यस्ता बखत थोरै भए पनि के सम्झिदिनु जरुरी छ भने हाँगा नै भएन भने आँप फल्ने कहाँ होला ?

धीरकुमार श्रेष्ठ

कविता

# विशुद्ध प्रेमको कविता

बुद्धिसागर चपाईं

(फोटो)

लौ, झिम्कायौ परेली तिमीले
सायद,
कतै ब्रह्माण्डले कोल्टे फेर्‍यो
र, छायाँ पर्‍यो मेरो अनुहारमा ।

गर्मीमा हप्ताभरि लगाएको सर्ट
जसरी छोडेर आएको छु घरमा
त्यसरी छोडेको छु- विश्वक्रान्तिको रातो किताब
विश्वप्रसिद्ध पुरुषहरूको आत्मकथा
नयाँ समाजको सिद्धान्त
आफ्नै मुलुकको मोटो इतिहास
एक ठेली चेतना
र, मभित्रै उपद्रो मच्चाइरहने मेरै मसिनो अहम् ।

यो वैशाखमा जस्तो छ आकाश मुलायम
भुँवा-भुँवा बतास
लौ, उड्यो तिम्रो कपाल
यो कस्तो अनौठो वास्ना

किन तिम्रो कपालको जङ्गलमा अलपत्र पर्ने
जाग्छ एउटा तिर्खा ।

लखेटिरहन्छन् मलाई मेरा चिन्तनहरूले
दर्शनहरूले
म फुत्त निस्किएको छु कलात्मक चित्रबाट बाहिर
विचारका टोड्काहरूबाट भुर्र उडेको छु
यो वैशाखमा रमाएको छु म गौथलीजस्तो
तिम्रो मुस्कानको हाँगा-हाँगामा ।

आवाज पनि धोद्रो भएछ
लौ यो त बौलाएछ- सबैले भन्लान् ।

भने पनि के ?

तिमीलाई मन पराएपछि
- - हो, तिमी मुस्कुराएपछि

मेरो कोटको माथिल्लो पाकेटमा
रातो गुलाब फक्रिन्छ

जसमुन्तिर,
पट्याएर राखिएको छ
        नयाँ क्रान्तिको घोषणा-पत्र ।

कविता

# एककाइसौं" शताब्दीको डायनोसर

रामगोपाल आशुतोष

डायनोसरका अवशेषहरू
बाँकी नै रहेछन् एक्काइसौं शताब्दीसम्म पनि ।

समयको परिवर्तनसँगै
आज उनीहरूले आफ्नो बाह्य रूप फेरे
तर प्रवृत्ति फेरेनन् ।

त्यसैले होला
दर्किरहेका छन् साउन-भदौ मेचीदेखि महाकालीसम्म
जुभ्किरहेका छन् ।

आक्रान्त क्रन्दनका स्वरहरू
मरुभूमि नियति
गाउँ-सहर मानवविहीन भएर बाँचिरहेछन् ।

हो
डायनोसरहरू हिजोजस्तै शक्तिशाली छैनन्
त्यसैले त
अग्ला पर्खालभित्र उनीहरू
बाघ-भालुको पहराभित्र
आफूलाई सुरक्षित ठानिरहेका छन्
हातहतियारले सुसज्जित उनीहरू
सम्भावित प्रलयबाट जोगिन
बङ्कर निर्माण गरिरहेका छन्
उडेर जान
पखेटाको खोजीमा छन्
ओढेर जङ्गली पोशाक
जङ्गल-जङ्गल, ओढार तथा गुफासम्म लुकेर बसेका छन् ।

तर एककाइसौं शताब्दीको विनासकारी प्रलयबाट
बच्न सक्नेछैनन् डायनोसहरू
असम्भव छैन फालिने उनीहरू
इतिहासको कालकोठरीभित्र .... !

(नेपाल भाषाबाट अनूदित)

## मेरो विमति

मुरारी पराजुली

सहस्र अँध्याराको ओढारबाट
निस्किँदैन जबसम्म ऊ
र मिल्क्याइँदैन टोपी उसको
मेरो विमति
तिम्रो सत्तासँग भइरहनेछ
र तिमीहरूले पहिरिरहेका
स-साना टोपी विरुद्ध पनि
मेरो वितृष्णाको बज्र बज्रिरहनेछ
र जतिन्जेलसम्म उसको छाया
हाम्रो घरवार उजाडेर ठड्याइरहेको
उसको दरवारमा भइरहनेछ
मेरो विमति
जतिसुकै तिम्रो गालामा रंग चढे पनि
मेरो लोकतन्त्रको शिर ठाडो हुन सक्दैन
मेरो आस्थाको नूर उठ्न सक्दैन ।
मैले साफ-साफ भनिसकेको छु
अब पनि उसको लगौँटी धुन
मैले नामञ्जुर गरिसकेको छु
र प्रशस्तीमा भुरा नानीहरू बटुलेर
उसको गाना गाउन्नँ भनेको छु
मैले तिमीलाई
हाम्रो रोजाइ चिन भने
कहिल्यै तिमीसँग मेरो सुख मागिनँ
मैले तिमीलाई
हाम्रो भोगाइ बुझ भनेँ
कहिल्यै सत्ताको स्वाद मागिनँ
यसै गरी तिमी निदाइरहन्छौ भने
एकनास मुर्कट्टा आसनमा
हाम्रो खिलापमा आफ्नो
आनन्द साट्छौ भने
मेरो विमति
तिम्रो सिंहनादसँग भइरहने छ
यतिन्जेल
मात्र हाम्रो प्रहार
एउटासँग थियो
अब तिमीले बुझ्ने हुन्छ
हाम्रो प्रहार
तिमीसँग पनि हुनेछ
हाम्रो निशाना
तिम्रा कल्कीमाथि पनि खनिनेछ ।

## कुहिरो

ओमी शर्मा

कल्पना बुनी-बुनी हवा सरी बरी लडी
सङ्गमा घुमीघुमी यताउती लडीबडी
मेघझैँ जतातता उडेर माथमाथमा
प्रेयसी मिलापझैँ बिहार गर्छ साथमा ।

भावको मिठा-मिठा रहस्य बन्छ चन्चले
बैँसको उडानझैँ विलीन हुन्छ वेगले
प्रेमले खुसी भई कुना-कुना चहार्दछ
होस नै गुमेछझैँ कताकता निहार्दछ ।

क्रौञ्चको निनादमा लिएर नृत्य नीलिमा
रङ्गमा तरङ्गमा अनङ्ग शुभ्र भङ्गिमा
श्वेतको पछेउरा उडेछ मानु अङ्मा
लाजको छुपाइमा निवीतझैँ छ सङ्गमा ।

दूत नै बनेसरी लिएर शान्तिको कुरा
चन्द्रसूर्य बिम्बको ध्वजा लिएर टाकुरा
देशमा विदेशमा घुमेर विश्वदर्शन
दूर देशमा पुगी स्वदेशको छ चिन्तन ।

लक्ष्य ली उडेसरी पुगेर चन्द्र छुन्छझैँ

स्वर्गको उचाइमा चुमेर फेरि फिर्छझैँ
मुक्तिको उपायमा खुलेर मार्ग खोज्छझैँ
जिन्दगी बुझाउने रहस्य जीवको छझैँ ।

(तूणक छन्द)

## त्यो सा"झ

अनिल श्रेष्ठ
आबुखैरेनी, तनहूँ

धेरै बेर,
स्तब्ध रह्यो त्यो साँझ
र मेरा कविताका हत्याका खबरहरू
लगातर आइरह्यो मतिर
त्यो कठोर हिरासत
त्यो हत्कडी
ती काला पट्टीहरू
मेरा निम्ति एउटा अर्को मृत्यु चिहाउँदै थियो
र हुर्कँदै गइरहेको त्यो अँध्यारोको विरुद्ध
त्यो साँझ,
मैले त्यहाँ अरू केही कविताहरू लेख्नु थियो ।

## चार हाइकु

तेजविलास अधिकारी
चितवन

भान्से नै खान्छ
अरू हेरेको हेऱ्यै
कुरा समान ।

स्वार्थ मिश्रित
दौत्य सम्बन्ध हाम्रो
पैसाको खेती ।

छुरा हातमा
राम-राम मुखमा
स्वनामधन्य

नेपालीपन
मौलिक संस्कृति खै
खोजी पस्ने को ?

## गजल

विश्व सिग्देल
(पो. ब.नं. ५२२, बनेपा, काभ्रे)

धुलो जिन्दगी गीत माटो जवानी
नयाँ साहसी प्रीत माटो जवानी ।

दुबो, फूल, पाती मनै मन्दिरैमा
मिठो जीवनी रीत माटो जवानी ।

गरी कर्म राम्रा चले पाइला ती
सदा साथमा मीत माटो जवानी ।

पखेरा र पाखा भविष्यै उमार्ने
कला कौशलै धीत माटो जवानी ।

## गजल

दर्शन दिनेश
(मन्थली ४, रामेछाप)

पैलो माया, मूल्य आकार
चोखो प्रेम, पूज्य आकार ।

एकदुई दिन भेटको

घनिष्ठता धन्य आकार।

गहिराइ प्यारो मायाको
झल्को स्वर्गतुल्य आकार।

सुखदःख बाचा, सगोल
समर्पण पुण्य, आकार।

वियोगमा पुग्दा सफर
प्रतिफल, शून्य आकार।

## गजल

प्रमोद उद्गम
(दारेचोक, चितवन)

बिग्रिएको अतीत कुहाएर आएँ
तप्प-तप्प पसिना चुहाएर आएँ।

पैले-पैले देशप्रति गल्ती गरेँ हुला
आज सबै गल्तीहरू तुहाएर आएँ।

कसैको बाहिर कुराभित्र छुरा भेटिन्छ
मैले त मनको मैलो धुलाएर आएँ।

देश रुँदा पुर्खाको आसु खस्छ अरे
आँसु रोक्ने सपुत हुन सुहाएर आएँ।

देशभक्त आऊ सबै स्विकारिदेऊ मलाई
अब म त पवित्र भै नुहाएर आएँ।

## गजल

पर्शुराम पराजुली 'पराशर'
जुरोपानी- ४, झापा

परेलीमा तिमीलाई अटाएको थिएँ मैले
जथाभावी प्युने बानी हटाएको थिएँ मैले।

पुराना घाउ बल्झन्छन् निको पार्ने छँदै छैनन्,
सफा गर्ने तिमीलाई खटाएको थिएँ मैले।

हुँदा एक्लै नशा लिन्थेँ बढीभन्दा बढी मात्रा,
तिमी पाई सबै मात्रा घटाएको थिएँ मैले।

नदी तर्दा तिमीलाई बगाउँथ्यो भनी प्यारी,
नदी धारा कतै अन्तै कटाएको थिएँ मैले।

नटुट्ने प्रेमको डोरी बनोस् माया भनी हाम्रो,
कहानी प्रेमका सारा रटाएको थिएँ मैले।

प्रवासी नेपाली साहित्य

## उनको कामनामा

कवीन्द्र तुफान
नेदरल्यान्ड

मलाई साथ देऊ ए
सफलताको मार्ग पहिल्याउन चाहन्छु
मधुर मुस्कानले स्वागत गर ए
रोदन र पीडाले बल्झिएका
यी घाउहरूमा मल्हम लगाउन चाहन्छु।

बादल चिर्न सक्षम यी घामहरू
मेरा स्फूर्तिका रेखा बरिहुन्
प्राकृतिक सुन्दरतामा रमेको यो मन

भौतिक सुविधामा कहिल्यै नअल्भियोस्
प्रेमको यो दिगो पर्खालमा
कुनै धमिराले बास नगरोस् ।

हरेक कदममा साथ दिने तिम्रा हातहरू
कुनै हालतमा कहिल्यै नथाकुन्
ठोस निर्णयका लागि सक्षम यो मन
चञ्चल वातावरणले कहिल्यै नफेरुन्
हाँसोमा हाँसो र आँसुमा आँसु
देखाउन सक्ने तिम्रा ती आँखाहरू
सदा चम्किरहुन् पूर्णचन्द्रझैँ ।

काव्यांश १६

# मेरो निर्माण

प्रा. राजेन्द्र सुवेदी
पा"चौ" सर्ग

८१
उदार विश्वस्थितिको निधारमा
निशान्तको सन्निधि झन् सँघारमा
भए अनेकौँ स्थिति सिर्जनाहरू
उदाउँदा संस्कृति तारकाहरू ।

८२
चिरेर सङ्घार कडा प्रहारका
बने स्वयं उन्नतियुक्त तारका
अनन्त विस्तारित सभ्य शृङ्खला
बने अनेकौँ जन नौष्ठिकी कला ।

८३
रहेन दुःसाहसको कथा अब
टिकेन आशृङ्ग समुद्रकै तक
चले अनेकौँ युगधर्मका कुरा
फुले सयौँ पुष्पित मञ्जु आँकुरा ।

८४
निवास छोडेर भिरेर पुन्तुरा
भुलेर सारा सुखदुःखका कुरा
भुली पुराना मनका तिता कुरा
चिताउँथे मङ्गलमार्गका कुरा ।

८५
यायावरीवृत्ति गृहस्थवृत्तिमा
अस्तित्वको द्वन्द्व हुने प्रवृत्तिमा
जुटेर तैनाथ सधैँ बनीरह्यो
निसर्ग मान्छे मधुमास भैरह्यो ।

८६
अमोघ यो मानव दिव्य सत्य हो
अनन्त सम्मोहन शक्ति तथ्य हो
परोपकारी जनका इमानमा
अनिर्णिता शक्ति रहन्छ ज्यानमा ।

८७
सत्कर्मको सिन्धु मडारिदै गयो
दुष्कर्मको बाँध विभिन्डिदै गयो
हुने हुनामी नभएर छुट्छ र
विधानको बन्धन झट्ट छुट्छ र ?

८८
उठे ढलेकाहरू जुर्मुराउँदै
ढले उठेकाहरू धर्मराउँदै
विभक्त मान्छे जब एकता बन्यो
धर्ती नयाँ सिर्जनवेदिका बन्यो ।

८९
न भूमिको पुत्र बन्यो न मानव
पिएर हाँस्यो जगको सुधा सब
अनन्त धर्ती नभ झन् उचालियो
सबै अनादर्श स्वयं पखालियो ।

९०
उदायो चौतर्फी क्षितिनभ समेटेर सुखको

उठायो धर्तीमा सुमन कलिकाझैँ मधुपको
फुलायो मान्छेले कुसुमित धरा उन्नत गरी
गुथ्यो मान्छेले नै जस अजसको दिव्य पगरी ।
९१
बसे मनुष्य पर्णकाष्ठका कुटीहरू रची
स्वतन्त्र ज्ञानको दियो जलाउँदै हिँडे कति
अनन्त भव्य वासमा परार्थ ज्योति फैलियो
विभग्नता हराउँदै विनोद भाव मौलियो ।

## छैटौ" सर्ग

बसे बिताउँदै दिवा शरद्-वसन्त-चक्रका
अनन्त दिव्य दुस्तरा समग्र कालचक्रका
कुशाग्र भट्टको नयाँ मनोदशा उघारियो
विविक्त दूरदेशको अधीरता मडारियो ।
२
निमन्त्रणा लिई बह्यो हवा अजात देशको
कुशाग्र भट्टमा बढ्यो मनस्थिति प्रदेशको
वसन्तपूर्व सान्ध्यमा समीर सिर्सिरी चल्यो
प्रयाणमा रहस्यको अगम्य दीपिका जल्यो
३
स्वयम् बने पलायिता त्यजी स्वकीय मन्दिर
बन्यो कि क्या प्रकल्पना तुफानतुल्य अस्थिर
विलोल चक्रवातझैं मनोदशा मडारियो
सुषुप्त मोह बन्धुको स्वयं सबै बढारियो ।
४
अनन्त सत्प्रभावमा निमग्न कल्पना उठे
नवीन देशको प्रयाणभावमा स्वयं जुटे
स्वदेशभित्र वर्गको ममत्व भावस्पन्दन
त्यसै बिलाउँथ्यो कहाँ सवर्ग मोह बन्धन ।
५
कुशाग्र भट्टका कैयौँ स्वबन्धु इष्टमित्र छन्
दिगन्त सारथी बनी विराज ईशभित्र छन्
समस्त दिव्य प्रेरणा प्रकाशका चरित्र छन्
कुशाग्र भट्टका नयाँ सुकल्पना विचित्र छन् ।
६
विधान प्रेम सूत्रको चटक्क के रहन्छ र ?
अझै यतै बसौँ भने मनै कहाँ अडिन्छ र ?
थिचेर चित्तभित्रका अनेक मित्र भावना
मसक्क आँट ब्यूँझियो गरेर मोह सामना ।
७
प्रयाणका मुहूर्तमा निरुद्ध छन् गलाहरू
सिसा फुटेसरी समस्त चूर्ण छन् कलाहरू
अनादि ईश्वरत्वमा निबद्ध छन् पलाहरू
तमिश्रमा निमग्न छन् निवासमा बलाहरू ।
८
अगाध प्रेम अल्पियो मडारियो प्रतारणा
कुशाग्र भट्टमा मिल्यो अदम्य दिव्य प्रेरणा
यही प्रयाण आखिरी अवश्य अन्त हुन्छ कि
किटेर भन्न सक्छ को सधैँ वियोग हुन्छ कि ?

कथा

# भोकको विनिर्माण

बालाकृष्ण अधिकारी
कटुवाचौपारी ७, पर्वत

एकादेशमा एउटा म थिएँ । एक दिन मलाई असाध्यै भोक लाग्यो । यसो भनूँ अकस्मात मलाई खाने रोगले समात्यो र अघोरीले जस्तै गरी खान थालेँ जनताको रगत र पसिना । मलाई खाने रोग मात्र लागेन, खुवाउने रोग पनि लाग्यो । त्यसैले साइत हेराएर खाँदै-खुवाउँदै गर्न थालेँ ।

म आफू बोली खान्थेँ तर मेरा बन्धुबान्धव हुँदै जनतालाई गोली खुवाउँथे । कस्तो अचम्म ! आफूलाई रोग लागेको थियो, अरूलाई उपचार गर्दै गोली खुवाउँदै गर्थें । ज्यान बचाउन गोली खान नपाएका जनताले जब मर्ने गोली खान्थे तब मलाई अत्यन्त आन्द आउँथ्यो । मैले खाएको भनेर कसैले विरोध गर्‍यो कि उसलाई तुरुन्त एउटा नौ एम.एम.को गोली 'पेटभरि खा' भनेर दिन्थेँ । ऊ पनि शान्त हुन्थ्यो । मैले पनि झन् धेरै खाने अवसर पाउँथेँ ।

धेरै खाँदै जाँदा ‘जति खायो उति खाऊँ-खाऊँ लाग्ने’ रोग दिन दोब्बर रात चौबर भएर बढ्न थाल्यो । गाउँको विकासका लागि आएको सरकारी बजेट, दातृराष्ट्रबाट प्राप्त विकास बजेट, जनताले दुःख गरी वर्षभरिका लागि योजना गरेको भोजनबजेट, चर्पी बनाउनका लागि छुट्ट्याएको निकासबजेट, कुलो, धारो, पुल, बाटो, स्कुल, लाहुरेका सपना सबै एकएक गरी झ्वाम्म पारिदिएँ ।
खाँदाखाँदै मेरो पेट दमाहाको पछिल्लितरजस्तै भुटुक्क उठ्दै गयो तैपनि मैले खानुपर्ने (भोक) रोग निको पार्न सकिनँ । ‘खान त राजनीतिमा छिरेपछि पो पाइन्छ’ एक दिन खाँदाखाँदै मेरो दिमागको घन्टी बज्यो । खाने क्षेत्रमा ख्याति कमाएको मान्छे राजनीतिमा रातारात प्रगति गर्दोरहेछ । म पनि रातारात सुपरहिट भएँ राजनीतिमा । राजनीतिमा मैले विशिष्ट कुराहरू मात्र खान थालेँ । मेरो भोक यति बढ्यो कि एक दिन कुरैकुरामा मैले राष्ट्रको विधायिका क्वाप्प खाइदिएँ । विधायिका खाँदाको स्वाद र मज्जा बेग्लै लाग्यो । रगत, पसिना, जनताको नीद, स्वतन्त्रता र मौलिक हक खाइरहेको म तर विधायिका खाइसकेपछि कुर्सी खान मन लाग्ने थप लक्षण मेरो रोगमा देखियो । अनि मैले मन्त्री, वरिष्ठ मन्त्री, प्रधानमन्त्री खाने बल गरेँ ।
कसैको केही लागेन । मेरो रोग नै त्यस्तै थियो । जति सक्यो खानुपर्ने । खान नपाए पाँच वर्षको बालकले जस्तै जद्दी गरेपछि वा हिन्दी सिनेमाको खलनायकले जस्तै धम्क्याएपछि मेरा आसेपासेले मैले जेजे खान खोजेँ, त्यहीत्यही मेरै कुर्चीअगाडि ल्याउन थाले । खाँदाखाँदा म यस्तो भएँ कि मैले के खाने के नखाने छुट्ट्याउन सकिनँ । एक दिन यस्तो दिन आयो मैले जे खाए पनि र जति खाए पनि मेरो भोक शान्त भएन । अनि भोक नमरेको झोँकमा मैले आफ्नो भोक नै खाइदिएँ । मलाई खानुपर्ने रोग थियो र मैले आफ्नो भोक शान्त गर्नैपर्थ्यो । आफ्नै भोक खाँदा पनि मलाई अर्को आनन्द आयो । त्यसपछि मैले आफ्नै शरीरका चोक्टाचोक्टा काटेर काँचै चपाउन थालेँ । ओहो ! मेरो शरीरको सम्पूर्ण मासु चपाइसकेर हाडहरूसमेत कऱ्यामकुरुम पार्दा पनि मैले खाएको फाल्नु परेन र खाएको प्रमाण पनि देखिएन । एक दिन पृथ्वीको मानचित्र पल्टाएर आफ्नो देशको आकार खोज्न थालेँ । खाँदाखाँदै आफ्नो देशको नक्सा सकिँदा पनि, दशगजाका रक्तरञ्जित, गौरवी किल्लाहरू भाँचिँदा पनि मैले केही पत्तो पाएनछु । यसो ब्यूँझेर हेरेँ । म पातालको शेषनाग बनेर पशुपतिनाथको पुण्यभूमि नेपाललाई सुलुक्क निलिरहेको रहेछु ।
मैले महसुस गरेँ सबै क्षेत्रमा विनिर्माण भइरहेका बेला पुराणको पौराणिक मूल्य, पौराणिक पात्रका काम, कर्तव्य र अधिकारको पनि विनिर्माण भएको छ । ममा पनि एउटा उन्माद, एउटा अभिमान र एउटा अहङ्कार जागृत भयो । म पनि एक्काइसौँ शताब्दीको उत्तरआधुनिक । पराआधुनिक युगको भोकनायक हुँ कि झैँ लाग्यो ।
आज त्यही भोकनायकको भूमिका निभाएकामा पाटनढोकाको कापबाट हात छिराएर दिइने दुई लाख सामन्ती पुरस्कार आफ्नै आमाको धोती च्यातेर ल्याएको टालोमाथि थापिरहेछु ।

नोबेल पुरस्कार विजेता १९९०

# अक्टाभियो पाज

भोगेन्द्र लिङदेन

विश्वसाहित्यमा थोरै मात्र अभिरुचि राख्ने पाठकका लागि अक्टाभियो पाज नौलो नाम होइन । स्वतन्त्रता तथा प्रजातन्त्रका कट्टर पक्षधर मेक्सिकोवासी कवि तथा निबन्धकार अक्टाभियो पाजले सन् १९९० को साहित्यतर्फको उत्कृष्ट सम्मान नोबेल पुरस्कार पाए ।

पाजको जन्म सन् १९१४ मा मेक्सिकोको राजधानी मेक्सिको सिटीमा भयो । पाजका हजुरबा आफ्ना समयका उदारवादी विद्वान् एवं साहित्यकार थिए । आफ्ना हजुरबाको पुस्तकालयमा रहेका पुस्तकहरू पढ्दापढ्दैसानै उमेरदेखि पाजको साहित्यसँग सम्पर्क स्थापित भयो । उनका बुबा पनि सक्रिय राजनीतिक पत्रकार थिए । इमिलियानो जपाटाले नेतृत्व गरेको कृषि सुधार आन्दोलनमा अन्य प्रगतिशील विद्वान्हरूसँग मिलेर उनले भाग लिए । जब जपाटालाई पक्रेर हत्या गरियो अनि पाजको परिवारलाई पनि देशनिकाला गरियो । त्यसपछि उनको परिवार अमेरिकामा शरण लियो ।

केही समयपछि नै अमेरिकाबाट आफ्नो मुलुक मेक्सिको फर्केर पाजले नेसनल युनिभर्सिटीमा कानुन र साहित्यको अध्ययन गरे । तर उनले अध्ययन पूरा गरेनन् । युवावस्थादेखि नै कवि बन्ने महत्त्वाकाङ्क्षा बोकेका पाज चर्चित कम्युनिस्ट साहित्यकार तथा मित्र पाब्लो नेरुदाबाट प्रभावित भएर कविता लेख्न थाले । उनको पहिलो पुस्तक लुना सिल्भेस्ट्रे सन् १९३३ मा मेक्सिकन मातृभाषामा प्रकाशित भयो । युवा पाजको विवाह सन् १९३७ मा एलेन ग्यारीसँग भयो तर दुई दशकपछि १९५९ मा दुवैजनाले सम्बन्धविच्छेद गरे ।

स्वतन्त्रता एवं समानताका पक्षपाती पाज स्पेनको गृहयुद्धका समयमा स्पेन गएर गणतन्त्रका पक्षमा लडे । उनका कवितामा कतैकतै वामपन्थी विचारधाराको प्रभाव भेटिए पनि उनले आजीवन अभिव्यक्ति स्वतन्त्रता र प्रजातन्त्रको वकालत गरे । जीवनको पूर्वार्द्धमा वामपन्थी विचारधाराबाट प्रभावित बने पनि तत्कालीन रुसको तानाशाह स्टालिनको हैकमवादी शासनसत्ताबाट आजित भएर उनले आफूलाई कम्युनिस्ट विचारधाराबाट अलग गरे । यस कदमबाट ल्याटिन अमेरिकी वामपन्थी मित्रहरू पाब्लो नेरुदा र ग्राबियल गार्सिया मार्केजसँगको उनको मित्रता टाढिँदै गयो ।

सन् १९३७ मा पाज फासीवाद विरोधी लेखकहरूको दोस्रो अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिन स्पेनको भ्यालेन्सिया गए । स्पेनबाट फर्केपछि सन् १९३८ मा उनले वर्कसप नामको पत्रिका प्रकाशित गरे, जसले मेक्सिकोमा नयाँ पुस्ताका धेरै लेखकहरू जन्माउन अहम् भूमिका खेल्यो । सन् १९४३ मा एक फेलोसिपअन्तर्गत उनले अमेरिका यात्रा गरेर त्यहाँ अङ्ग्रेजी एवं अमेरिकन आधुनिक कविताको अधयययन गरे । त्यसको दुई वर्षपछि पाज मेक्सिकोको कूटनीतिक सेवामा नियुक्त भएर फ्रान्स पुगे । फ्रान्समा रहँदा उनले द लेबिरिन्थ अफ सोलिच्युड लेखे, जुन उनको आफ्नो मेक्सिकन परिचयसँग सम्बन्धित थियो । यही समयमै आन्द्रे ब्रेटन नामका साहित्यकारसँग मिलेर उनी सररियालिस्ट नामको साहित्यिक आन्दोलनमा सरिक भए ।

कूटनीतिक सेवाकै क्रममा सन् १९६२ मा पाज भारतका लागि मेक्सिकोका राजदूत नियुक्त भए । यो नै पाजको जीवन एवं साहित्यको सर्वाधिक महत्त्वपूर्ण क्षण थियो । भारत बसाइमा उनले द मङ्की ग्रामरियन र इस्ट स्लोपजस्ता चर्चित पुस्तकहरू लेखे । तर सन् १९६८ मा मेक्सिकोमा भएको विद्यार्थी प्रदर्शनमाथि सरकारले गरेको कायर एवं रक्तपातमय दमनको विरोधमा उनले कूटनीतिक सेवाबाट

राजीनामा दिए । त्यसपछि उनी आफ्नै पेसा पत्रकारितामा फर्किएर कला र राजनीतिसम्बन्धी दुईओटा महत्त्वपूर्ण पत्रिकाहरू सम्पादन एवं प्रकाशन गरे । स्पेनिस अमेरिकन साहित्यको अतिथि प्रोफेसरका रूपमा सन् १९६८ देखि १९७० सम्म पाजले टेक्सास, अस्टिन, पिटर्सवर्ग र पेन्सिलेभिनिया विश्वविद्यालयमा सेवा गरे । यस्तै सन् १९१७-७२ ताका उनी क्याम्ब्रिजको हार्वर्ड विश्वविद्यालयमा पनि कार्यरत रहे ।

पाजका निबन्धहरू एज्टेक कला, तान्त्रिक बुद्धधर्म, मेक्सिकन राजनीति, नवप्लेटोवादी दर्शन, आर्थिक सुधार र यौनजस्ता विषयवस्तुमा केन्द्रित भेटिन्छन् । द लेविरिन्थ अफ सोलिच्युड (१९५०) लाई मेक्सिकन पात्र एवं सोचाइको एक उत्कृष्ट अध्ययनका रूपमा लिइन्छ । उनका मुख्य कवितासङ्ग्रहमध्ये सन स्टोन ( १९६३), सेलेक्टेड पोयम्स (१९६३), रेन्गा : अ चेन अफ पोयम्स (१९७२), अ ड्राफ्ट अफ स्याडोज एन्ड अदर पोयम्स (१९७९), द फोर पप्लरर्स (१९८५) आदि छन् । यसै गरी उनका निबन्धका कृतिमध्ये द अदर मेक्सिको (१९७२), अल्टरनेटिङ करेन्ट (१९७३), अन पोयट्स एन्ड अदर्स (१९८६), द साइरेन एन्ड सिसेल एन्ड अदर एस्सेज अन पोयट्स एन्ड पोयट्री, वन अर्थ, फोर अर फाइभ वर्ल्डस (१९८५) आदि मुख्य छन् ।

स्वतन्त्रतावादी साहित्य लेखनबाट विश्वपरिचित महान् साहित्यकार अक्टाभियो पाजको मृत्यु सन् १९९८ अप्रिल १९ तारिखका दिन ८४ वर्षको उमेरमा भयो ।

(niharikalingden@yahoo.com)

स्रष्टा-दम्पत्ति

# प्रा. दैवज्ञराज + सुधा लुइ"टेल

रमेश शुभेच्छु

अर्थपूर्ण र सुरिला छन्द कविता लेख्ने कवि दैवज्ञराज न्यौपानेको बालकविता गाएर तोतेबोली फुटाएका धेरै नेपालीका विद्यार्थीहरूले उच्च शिक्षामा उहँकै प्राध्यापनको स्वाद पनि लिए । उहँ एक कुशल सर्जक, समालोचक र प्राध्यापक हुनुहुन्छ । समसामयिक कविहरूमध्ये उहँलाई माधव घिमिरेका उत्तराधिकारी र स्वच्छन्दतावादी शास्त्रीयतावादी धाराका अग्रणी कवि मानिन्छ । लेखनाथको परिष्कार र देवकोटाको स्वच्छन्द प्रकृतिप्रेम एवं चित्रणसँग उहाँका लेखनलाई दाँजेर हेर्ने गरिन्छ । कवि न्यौपानेकी जीवनसङ्गिनी सुधा न्यौपाने करिब दुई दशकसम्म प्रकाशनबाट टाढा रही पछिल्ला दिनमा प्रकाशनमा आउनुभएको छ । अब सुधा साहित्यका अध्येता, प्रेमी वा पारखी मात्र नभएर स्वयम् साहित्यकार बनिसक्नुभएको छ ।

दैवज्ञराज बहुआयामिक व्यक्तित्व हुनुहुन्छ । उहँका एक दर्जनजति कृति प्रकाशित छन् । ती हुन् : सिर्जनाका लहर (२०३५), तोतेबोली (२०३८), गाउ"खाने कविता (२०४३), जोरमुरली (२०४६), बालसंसार (२०५३), सबै हाम्रा साथी (२०५६), हुने विरुवाका चिल्ला पातहरू (२०४५), गुणराज उपाध्यायका खण्डकाव्यको मूल्याङ्कन (२०४९), नेपाली नाट्य परम्परा र भारती खरेलका नाटकहरू (२०५४) र सम्झनाको धरातलबाट (२०६३) । यी कृतिका अतिरिक्त न्यौपानेले नेपाली कविता भाग १-४, नारदमुनि थुलुङ स्मृतिग्रन्थलगायत आधा दर्जनभन्दा बढी कृति र वाङमय, भानु दर्शन, इलम, धर्म सन्देश, रजहा"स आदि पत्रिकाको सम्पादन गरिसक्नुभएको छ । उहँका कथा, कविता, निबन्ध र समालोचना गरी झण्डै १ दर्जन कृति प्रकाशनको तयारीमा छन् ।

सुधाले नेपाली साहित्य र भाषामा एम.ए., एम.एड. गर्नुभएको छ । उहँको लेखन बाल्यकालमा स्कुल तहदेखि नै प्रारम्भ भए पनि सार्वजनिक यात्रा भने २०४३ सालमा बालक पत्रिमा प्रकाशित 'आमा' कविताबाट भयो । २०४३ सालदेखि फाट्टफुट्ट पत्रपत्रिका र केही गोष्ठीमा देखिँदै आउनुभएकी कवयित्रीले २ दशकपछि २०६३ सालमा मनका तरङ्गहरू शीर्षकको कवितासङ्ग्रह प्रकाशित गर्नुभयो । यसमा पद्य, गीति र गद्य गरी तीनै शैलीका परिष्कृत कविताहरू सङ्कलित छन् । यी तीनओटै लयविधानमा कवयित्रीहरूको अभाव रहेका सन्दर्भमा न्यौपाने निकै आशलाग्दो रूपमा प्रस्तुत हुनुभएको छ । उहँका बालकाव्य र संस्मरण गरी दुईओटा कृति प्रकाशनको तयारीमा छन् ।

कवि न्यौपानेको जन्म गोगने १, भोजपुर निवासी पं. गणेशप्रसाद र उमादेवीका सुपुत्रका रूपमा २००४ साल मङ्सिर ३० गते मङ्गलवारका दिन भयो । दुई दाजुहरू जयप्रसाद र केशवानन्द एवं दुई भाइहरू केदार र महेश्वर अनि एक बहिनी भगवतीका दाजु न्यौपाने आफ्नी आमापट्टिका जेष्ठ सुपुत्र हुनुहुन्छ । गाउँकै विद्यालयबाट अध्ययन प्रारम्भ गरी बाल्मीकि विद्यापिठ र त्रिभुवन विश्वविद्यालयबाट दुई विषयमा स्नातकोत्तर गर्नुभएका न्यौपानेले महाकवि देवकोटाका महाकाव्यहरू शीर्षकमा सुरु गर्नुभएको विद्यावारिधि पूरा हुन सकेको छैन । उहँको साहित्यलेखन १० वर्षको उमेरदेखि प्रारम्भ भए पनि प्रकाशन भने ढिलो भयो । २०२० सालमा अरुणोदय पत्रिकामा प्रकाशित 'उनीमा निम्तो' कविता न्यौपानेको पहिलो प्रकाशित रचना हो । उहँका धेरै रचना र लेख अद्यावधि पत्रिकामा छरिएका छन् ।

कवयित्री न्यौपानेको जन्म २०११ साल पुस १ गते कुश्लेश्वर गा.वि.स. २, सिन्धुलीमा दयानिधि कोइराला र सावित्राको कोखबाट भयो । उहँका चार दिदीहरू महनकुमारी, नेत्रकुमारी, चेतकुमारी र भगवती एवं एक दाजु विपिन हुनुहुन्छ । कवि न्यौपानेसँग उहँको विवाह २०४६ साल जेठ २ गते सोमवारका दिन भयो ।

न्यौपाने दम्पत्तिको जीवन सफल छ । उहँहरू दुवै प्रँध्यापन र निजामती सेवाका उच्च पदस्थ व्यक्तित्व हुनुहुन्छ । कवि न्यौपाने त्रि.वि.का प्राध्यापक र कवयित्री न्यौपाने उपप्रधानमन्त्रीको कार्यालयमा का.मु. सहसचिव हुनुहुन्छ । उहँहरूका छोराछोरीले पनि आफ्नो बाटो समाइसकेका छन् । सुधा आफूलाई कवयित्रीका रूपमा चिनाउनभन्दा पनि दैवज्ञराजलाई सहयोग गर्नमा गर्व गर्नुहुन्छ । उहँहरूको घर साहित्यको मन्दिरजस्तो छ ।

स्रष्टा-दम्पत्तिको सफलताका पछाडि सङ्घर्षका अनेका गाथा छन् । कवयित्रीले जागिरका क्रममा पुतलीसडकस्थित एउटा प्रेस, जनसेवा मा.वि., पाँगा-कीर्तिपुर, कोलेनिकाजस्ता ठाउँमा काम गरी २०४१ सालमा ना.सु, २०४४ सालमा शाखा अधिकृत, २०५८ सालमा उपसचिवका रूपमा सेवा गर्नुभयो । यसका साथै २०५३ देखि २०५९ सम्म भी.एस. निकेतन उच्च मा.वि.मा प्रँध्यापनसमेत गर्नुभयो ।

कवि न्यौपानेका सङ्घर्ष पनि कम छैनन् । उहँले पाटन संयुक्त क्याम्पस, पाठ्यक्रम विकास केन्द्र, भक्तपुर, बानेश्वर, रत्नराज्य लक्ष्मी आदि क्याम्पसमा प्रशासनिक र प्रँध्यापनको जिम्मेवारी पूरा गर्नुभयो । त्यसपछि त्रि.वि., केन्द्रीय क्याम्पसमा प्रँध्यापक हुनुभयो ।

कवि न्यौपानेका जीवनमा जटिल समस्याहरू छन् । उहाँका कोमल कविमनले सहन गर्न नसकिने जटिल बज्रप्रहारहरूको सामना गर्नुपऱ्यो । विद्यावारिधिको तयारीका लागि भारत जानुभएका बेला उहाँकी पहिली जीवनसङ्गिनी रीताको देहावसान भयो । त्यही शोकका कारण विद्यावारिधि पनि अधुरो रह्यो । उहाँका चार सन्तानमध्ये भूषण, उज्ज्वल र अर्चना रीतापट्टिका हुन् भने सौरभराज सुधापट्टिका । बज्रपातबाट मुक्त पारी कविको जीवनयात्रालाई यहाँसम्म सफलतापूर्वक ल्याइपुऱ्याउन कवयित्रीको भूमिका छ ।

कविको परिवारमा हजुरबुबाले कविता लेख्नुहुन्थ्यो । प्रशासनिक जिम्मेवारी बहन गरेका बेला कविका सिर्जना अवरुद्ध भए । नेपाली कविता र बालसाहित्यको अवस्था विकसित हुँदै आएको भए पनि तपस्वी साधकहरूको अभाव रहेको देख्नुहुन्छ । उहाँको लेख्ने समय बिहान हो । प्रकृतिप्रेमी कवि एकान्त ठाउँ रोजेर सिर्जना गर्न मन पराउनुहुन्छ । कवयित्री भने जति खेर पनि लेख्न सक्नुहुन्छ ।

कविले लेखनका अतिरिक्त प्रज्ञा प्रतिष्ठानको कविता महोत्सवमा निर्णायक भूमिका निर्वाह गर्नुभयो भने कतिपय विद्यालयका सरकारी पाठ्यपुस्तकका अतिरिक्त अन्य महत्त्वपूर्ण ग्रन्थको सम्पादन गर्नुभएको छ । भूमिका लेखेका कृतिको सङ्ख्या याद नभएका कविले पत्रपत्रिकाका साथै विभिन्न सङ्घसंस्थामा सल्लाहकारका रूपमा पनि काम गर्नुभयो । उहाँले वानेश्वर क्याम्पस, भानु सेवा समिति, भानु प्रतिष्ठान, पञ्चकुमारी गुठी, छिन्नलता पुरस्कार गुठी, दीप स्मृति पुरस्कार गुठी, भारती खरेल प्रतिष्ठान आदिमा संलग्न भएर काम गर्नुभयो । कवयित्रीका तुलनामा कविको साहित्यिक संलग्नता अधीक छ ।

अझ गर्न बाँकी धेरै रहेको बताउने कविको चित्तबुझ्दो कदर नभए पनि सामान्य रूपमा भएको छ । प्रतियोगिताहरूमा थुप्रैपटक पुरस्कृत कविले युवा वर्ष मोती (२०४२), बालहित गुठी (२०४९), बालसाहित्य (२०४९), गुणराज व्याख्यान (२०४९), भारती खरेल आख्यान (२०५४), छिन्नलता सम्मान (२०५५), दीप स्मृति सम्मान (२०५७), छिन्नलता विशेष सम्मान (२०६२), उदयानन्द (२०६३) आदिजस्ता पुरस्कार पाउनुभएको छ ।

कवि मृदुभाषी, सरल र कोमल स्वभावको हुनुहुन्छ । उहाँ सन्तजस्तो भएका कारण धेरै कुरामा पछि पर्नुभएको टिप्पणी कवयित्रीको छ । कविलाई अहिले उच्च रक्तचाप, मधुमेह र कब्जियतजस्ता रोगले च्याप्तै ल्याएको छ । यही अवस्थामा पक्षाघात पनि भएको छ । यसले गर्दा बोल्न, हिँड्न, खान, उठ्न, बस्नसमेत समस्या छ । दैनिक करिब ३०० रुपियाँको औषधी गर्नुपर्छ । निरन्तरको उपचारले पनि कविको स्वास्थ्यमा उल्लेख्य सुधार आउनसकेको छैन । कविलाई अहिले उदार हृदयहरूको सहयोगको खाँचो टड्कारो छ ।

# सुन्दर भविष्य बोकेको कृति : सगरमाथा झुकेपछि

ज्ञानु विद्रोही

'हुने विरुवाको चिल्लो पात' यो लोकोक्ति नेपाली समाजमा जसरी विकशित भएको भए पनि यसले भविष्यलाई भने निश्चय नै इङ्गित गरेको हुन्छ । भोलिको जीवन कस्तो हुन्छ, त्यसको सङ्केत आजै पाइन्छ भन्ने आशय बोकेको यस उक्तिका पछाडि सम्भावना बोकेका सबैलाई जोड्न सकिन्छ । त्यस्तै व्यक्तिहरूमध्ये एक हुन् श्रष्टा सुनिता कार्की । आफ्नो विद्यालयजीवनको उत्तरार्द्धमा आइपुग्दा उनले आफ्नो सिर्जनक्षमताको प्रष्ट सङ्केत दिएकी छिन् । उमेरका तुलनामा सिर्जनामा परिपक्व देखिएकी सुनिताले शब्दहरू केलाएर आफ्ना कुरा, तपाईंका कुरा, हाम्रा कुरा पस्किएकी छिन् गजलमार्फत । तिनै गजलहरूलाई सङ्कलन गरेर एउटा सुन्दर कृतिको जन्म भएको छ- सगरमाथा झुकेपछि ।

जीवन र जगत्का ५८ वटा गजल समेटिएका सङ्ग्रहको एउटै विशेषता भनेको आशावादिता हो । उनी भविष्यप्रति पूर्ण आशावादी भेटिन्छिन् । उनका रचनाका कतै घुर्क्याइँ छ, कतै गुनासो छ, कतै गाली छ र कतै चिन्ता छ तर निराशा छैन । ती सबै अवस्थासँग जुध्ने प्रण छ उनीसँग-

सुख छैन दुःख पाएँ मनभित्र ग्लानी छैन
जित्छु मृत्यु, बाचुञ्जेल हार्ने मेरो बानी छैन ।

(पेज ६)

मृत्युसँग पनि नहार्ने उनको मन आँखैअगाडि देखिएको खिचातानी र देशको दुर्दशाबाट भने चिन्तित छ । समयमै आँखा खोल्न सबैसँग आग्रह छ । आस्थाको धरोहरलाई नै भ्रष्ट रूपमा भेटेकी सुनिता अन्तिम विकल्पका रूपमा अर्कै सपुतको खोजीमा छिन् । बिह्वल उनको मन नेपालआमासँग आग्रह गर्छ-

दुवै दाजु मलाई नै सिध्याउन खोज्छन्
मेरा लागि फेरि बुद्ध जन्माइदेऊ न आमा ।

(पेज २२)

यति हुँदाहुँदै पनि किशोरीमन थाहै नपाई प्रणयभित्र सुटुक्क छिरेको भने पक्कै हो । साथीभाइका व्यवहार, यदाकदा देखिएका अनेकन् परिदृश्यले उनलाई पनि छाडेको छैन । नजानिँदो प्रेममा लट्ठिएकी उनको अन्तस्करण बोल्छ-

सुन्दरताको अर्थभन्दा बढी सुन्दर तिमी सामु
गुलाफको जात पनि शून्य भई बिलाउँछ ।

(पेज ३७)

उनका कृतिमा विषयको विविधता पक्कै पाइन्छ । तर अभिव्यक्तिकौशलमा धेरै अभ्यास गर्नुपर्ने देखिन्छ । ठाउँठाउँमा भेटिने व्याकरणात्मक त्रुटि, बारम्बार दोहोरिएका शब्द, सोझो अभिव्यक्ति र यदाकदा भेटिने हीनभावनालाई पखालेर भावी सुनिता साँच्चै मृत्युलाई जित्ने आत्मा बोकेर अगाडि बढुन् । हार्दिक शुभकामना ।

परम्पराका नाममा अन्धविश्वासी हुनु र आधुनिकताका नाममा भ्रष्ट र छाडा हुनु उस्तै हो । त्यसैले आफ्ना परम्परा, संस्कृति र संस्कारहरूको सूक्ष्म अध्ययन र विश्लेषण गरी कमसल पक्षहरूलाई समयानुकूल परिमार्जन गर्दै राम्रा पक्षहरूलाई सगर्व अनुसरण गर्नुपर्छ । आधुनिकताका नाममा सभ्यताहीन र छाडा प्रवृत्तिलाई प्रश्रय दिनु हुँदैन । बरु समय, स्थान र परिस्थितिअनुरूप आधुनिक प्रविधि, सीप र शैलीलाई संयमतापूर्वक ग्रहण गर्दै जानुपर्छ । यसैमा सबैको भलो छ ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग


शारदा, अक्षर, अभिव्यक्ति, जनमत, जुही, तन्नेरी, दायित्व, दोभान, नागार्जुन, प्रज्ञापन,
फित्कौली, बगर, भानु, मनोभाव, यथार्थ कुरा, रचना, वनिता, शब्द-संयोजन आदि पत्रिकाहरू
अध्ययन गरी साहित्यिक स्वादको परख गर्नुहोस् ।
सौजन्य : शब्दाङ्कुर

'तपाईंको सन्तुष्टि हाम्रो आधार'

क्याम्पस, विद्यालय, विश्वविद्यालय तथा विभिन्न विषय र क्षेत्रका पुस्तक, पत्रपत्रिका तथा स्टेसनरीका सामानहरू सुपथ मूल्यमा प्राप्त गर्न हामीलाई सम्झनुहेँस् ।

प्रेरणा प्रकाशन प्रा.लि.
(प्रकाशक तथा वितरक)
पुतलीसडक (पद्मोदय मा.वि.को भवन)
फोन : १-४२२९२६९
काठमाडौँ
झबषर् स् उचभचबलबउगदष्अिबतष्यल२थबजयय । अफ

आर्थिक क्षेत्रका गतिविधिहरू थाहँ पाउन र आफ्नो व्यापार व्यवसाय बृद्धि गर्न
प्रत्येक हप्ताको विहिवार प्रकाशित हुने उदय आर्थिक पत्रिका पढ्नुहेँस् ।


# समाचार

काठमाडौ" । फागुन । आशान्त शर्माको संयोजन र सरु कालीको व्यवस्थापन तथा मुख्य सचिव एवं गजलकार भोजराज घिमिरेको प्रमुख आतिथ्यमा सम्पन्न 'नेपाली गजल छापा, श्रव्य र दृश्यमा' विचारगोष्ठीका क्रममा गजलकार ज्ञानुवाकर पौडेल र मनु ब्राजाकीलाई सम्मान गरियो । कार्यक्रममा कृष्णहरि बराल, देवी नेपाल, राजेन्द्र थापा, सचिन रौनियार, तीर्थ थापा आदिले गीत, गजल र यसको लोकप्रियताका बारेमा चर्चा गर्नुभयो ।

काठमाडौ" । फागुन । हृदयचन्द्र स्मृति प्रतिष्ठानको आयोजना तथा साहित्यकार डायमण्डशमशेर राणाको प्रमुख आतिथ्य र लक्ष्मण राजवंशीको सभापतित्वमा सम्पन्न एक कार्यक्रममा उपन्यासकार गीताकेशरीलाई 'हृदयचन्द्र स्मृति सिर्जनासम्मान' प्रदान गरियो । कार्यक्रममा कृष्णप्रसाद पराजुली, कृष्णचन्द्र सिंह प्रधान, डा. गार्गी शर्मा, प्रतिष्ठानका अध्यक्ष मोहन दुवाललगायतका वक्ताहरूले बोल्नुभयो ।

रामेछाप । फागुन । साहित्य र कलासिर्जनाका लागि वातावरणनिर्माण गर्ने र नवोदित साहित्यकारलाई प्रोत्साहन दिने तथा साहित्यिक सांस्कृतिक गोष्ठी आयोजना गर्ने उद्देश्यका साथ जिल्लामा पहिलो साहित्यिक संस्थाका रूपमा 'रामेछाप साहित्य प्रतिष्ठान' को स्थापना भयो । प्रतिष्ठानका अध्यक्षमा अशोक सुवेदी र सदस्यहरूमा रामचन्द्र वियोगी, हेमबहादुर थापामगर, सौजन्य सतया, बद्री नयाँघरे, नेत्र लामा, सपना श्रेष्ठ, शान्तिराज सार्कीलगायत रहनुभएको छ ।

भक्तपुर । फागुन । विविध भाषा साहित्यिक समाजको अध्यक्षमा आशाहरि प्रजापति उपाध्यक्षमा रामकृष्ण बूढा, सचिवमा विक्रम वैद्य र कोषाध्यक्षमा विजयलक्ष्मी प्रजापति र सदस्यहरूमा रमेश थापा, अशोक अवाल, अनुराधा थापा, लुमिन खपे र प्रकाश धौवन्जार निर्वाचित हुनुभएको छ । यसै गरी सल्लाहकारहरूमा केदार खड्का, सुन्दरराम था, सूर्यराम था र रामकृष्ण दुवाललाई चयन गरिएको छ ।

भक्तपुर । फागुन । भक्तपुर नगरपालिकाले नेपाली भाषाका साथै नेपालभाषालाई पनि नगरपालिकामा कामकाजको भाषाका रूपमा प्रयोगमा ल्याउने निर्णय गरेको छ । नगरपालिकामा नेपालभाषाबाट समेत चिठीपत्र र निवेदन दिन सकिने भएको छ ।

धरान । फागुन । अमर सेवा समाजको सातौँ वार्षिकोत्सवका अवसरमा आयोजित खुला कविता प्रतियोगितामा सन्त थलङ प्रथम, चन्द्र वियोगी द्वितीय र सुरेश वियोगान्त तृतीय हुनुभएको छ । समाजले गायक सविन राई, बालगायक दीपाङ्कर थापा र कृष्ण लावतीलाई सम्मान गरेको छ ।

काठमाडौ" । फागुन । साझा प्रकाशनले २०६१ सालको साझा पुरस्कार विमल निभालाई छेउको वधशाला नामक हास्यव्यङ्ग्य निबन्धसङ्ग्रहका लागि दिने भएको छ । यसै गरी २०६१ सालकै बालसाहित्य पुरस्कार तिमी पानी देऊ, म फूल दिन्छु नामक कृतिका लागि तेजप्रकाश श्रेष्ठलाई, लोकसाहित्य पुरस्कार भोजपुरी नाटक नामक कृतिलाई प्रदान गर्ने भएको छ । यसै वर्षको गरिमा सम्मान पद्यविधाका लागि हरि अधिकारीको 'बलात्कार' शीर्षकको कवितालाई र गद्यविधाका लागि भागिरथी श्रेष्ठको 'पक्षी' शीर्षकको कथालाई प्रदान गरिने भएको छ ।

२०६२ सालको लोकसाहित्य पुरस्कार लोकगीतको विश्लेषण नामक कृतिका लागि डा. गोविन्द आचार्यलाई, बालसाहित्यतर्फ प्रमोद प्रधानको सधै" लुकामारी नामक बालकवितासङ्ग्रहलाई प्रदान गरिने

भएको छ । गरिमा सम्मानतर्फ पद्यविधाका लागि कवि विप्लव ढकालको कविता ‘एउटा प्रतीक ढल्नुअघि’ लाई र गद्यविधातर्फ कृष्ण गौतमको ‘केदारकल्प : आधुनिक समीक्षामा उत्तरआधुनिक परीक्षण’ शीर्षकको समालोचनालाई प्रदान गरिने भएको छ ।

प्रस्तुति - भवानी श्रेष्ठ